NEPALI

**James P. Jackson**
Principal

**Dr. R. Stephen Green**
Superintendent

DeKalb County
School District

**Tucker High School**
5036 LaVista Road
Tucker, Ga 30084
Telephone: 678-874-3702
Fax: 678-874-3746

आदरणीय आमाबुवा/अभिभावक(हरू),

जोर्जिया शिक्षा परिषद (Georgia Board of Education) ले क्रेडिट आर्जन गर्नका लागि तल सूचीकृत कुनैपनि पाठ्यक्रमहरूमा सहभागी विद्यार्थीहरूले पाठ्यक्रम सम्पन्न भएपछि अनिवार्य रूपमा जोर्जियाको पाठ्यक्रम समाप्ति (EOC) परीक्षा दिनुपर्ने आवश्यकता जनाउँछ। जोर्जियामा निम्न आठ पाठ्यक्रमहरूको EOC हुन्छ:

- अमेरिकी साहित्य
- कक्षा नौको साहित्य र रचना
- जीव विज्ञान
- भौतिक विज्ञान
- अर्थशास्त्र
- अमेरिकाको इतिहास
- निर्देशांक बीजगणित
- विश्लेषणात्मक ज्यामिति

जोर्जिया शिक्षा परिषद अनुसार पाठ्यक्रम समाप्ति परीक्षालाई माथि सूचीकृत पाठ्यक्रमहरूको अन्तिम परीक्षा मानिनेछ। यस परिषदले पाठ्यक्रमहरूमा उत्तीर्ण हुनका लागि सबै पाठ्यक्रम समाप्ति परीक्षामा कम्तिमा 70 अङ्क ल्याउनुपर्ने निर्धारण गरेको छ। **विद्यार्थीले पाठ्यक्रम समाप्ति परीक्षामा क्रेडिट पाउनका लागि, पाठ्यक्रम र EOC मा गरी औसतमा 70 वा सोभन्दा बढी अङ्क ल्याएको हुनुपर्छ।** (जोर्जिया SBOE को नियम 160-4-2-.13 हेर्नुहोस्।)

हामी चालु सेमेस्टरमा तल उल्लेख गरिए अनुसार EOC सञ्चालन गर्नेछौं:

## वसन्त 2016 को पाठ्यक्रम समाप्ति परीक्षा (EOC) सञ्चालनको समयतालिका

डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्ट **(DeKalb County School District)** ले स्प्रिङ मेन एड्मिनिस्ट्रेसनका लागि डिस्ट्रिक्टभर **2-**दिने मोडल प्रयोग गर्नेछ। यो कागज/पेन्सिल र अनलाइन परीक्षाहरूको लागि हो।

| **सोमबार, मे 02, 2016** | **मङ्गलबार, मे 03, 2016** | **बुधबार, मे 04, 2016** | **बिहीबार मे 05, 2016** | **शुक्रबार मे 06, 2016** | **सोमबार, मे 09, 2016** | **मङ्गलबार, मे 10, 2016** | **बुधबार, मे 11, 2016** |
|---|---|---|---|---|---|---|---|
| अमेरिकाको इतिहास भाग I<br><br>अर्थशास्त्र भाग I<br><br>कक्षा नौको साहित्य/रचना भाग I<br><br>CCGPS विश्लेषणात्मक | अमेरिकाको इतिहास भाग II<br><br>अर्थशास्त्र भाग II<br><br>कक्षा नौको साहित्य/रचना भाग II<br><br>CCGPS विश्लेषणात्मक | अमेरिकी साहित्य भाग I<br><br>कक्षा नौको साहित्य/रचना भाग III<br><br>भौतिक विज्ञान भाग I | अमेरिकी साहित्य भाग II<br><br>जीव विज्ञान भाग I<br><br>निर्देशांक बीजगणित भाग I<br><br>भौतिक विज्ञान भाग II | अमेरिकी साहित्य भाग III<br><br>जीव विज्ञान भाग II<br><br>निर्देशांक बीजगणित भाग II | सबै विषयहरूका लागि आवश्यकता अनुसार जगेडा दिन | सबै विषयहरूका लागि आवश्यकता अनुसार जगेडा दिन | अङ्क प्रदान गर्न मिल्ने सबै उत्तर पुस्तिकाहरूलाई समयतालिकामा उल्लेख भए अनुसार टेस्टिङ वेयरहाउसमा पठाइन्छ (आफ्नो स्कूलको थाहा पाउन समयतालिकामा हेर्नुहोस्) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ज्यामिति<br>भाग । | ज्यामिति<br>भाग ॥ | | | | | | ****यो परीक्षा हुने दिन होइन**** |
| AP: रसायन शास्त्र; वातावरण विज्ञान; र मनोविज्ञान | AP: कम्प्युटर विज्ञान A; स्पेनिश भाषा; भौतिक विज्ञान 1: बीजगणितमा आधारित | AP: अङ्ग्रेजी साहित्य र रचना; जापानी भाषा र संस्कृति; भौतिक विज्ञान 2: बीजगणितमा आधारित | AP: क्याल्कुलस AB; क्याल्कुलस BC; चिनियाँ भाषा र संस्कृति, सेमिनार | AP: जर्मन भाषा र संस्कृति, युरोपको इतिहास; संयुक्त राज्यको इतिहास; स्टुडियो आर्ट | AP: जीव विज्ञान; भौतिक विज्ञान C: यन्त्र विज्ञान; संगीत शिक्षा; भौतिक विज्ञान C: विद्युत र चुम्बक | AP: संयुक्त राज्यको सरकार प्रणाली र राजनीति; फ्रेन्च भाषा र संस्कृति; स्पेनिश भाषा र संस्कृति | AP: अङ्ग्रेजी भाषा र रचना; इटालियन भाषा र संस्कृति; वृहत् अर्थशास्त्र (म्याक्रोइकोनोमिक्स) |

माथि उल्लिखित 8 वटा पाठ्यक्रमहरूमा सहभागी सबै विद्यार्थीहरूले पाठ्यक्रम समाप्ति (EOC) परीक्षा दिनेछन् भनी अपेक्षा गरिन्छ। यस परीक्षा अवधिमा (उल्लेख भए अनुसार) पाठ्यक्रम समाप्ति परीक्षा दिन असफल हुने विद्यार्थीहरूले आउँदो ग्रेडिङ अवधिको समाप्तिसम्ममा सो परीक्षा दिनुपर्नेछ।

भवदीय,

प्रधानाध्यापक